बैठक संख्या -९२

आज मिति २०८०।१२।१४ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

## उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय खाल्टे, रसुवा बागमती प्रदेश नेपाल २०७३

बैठक संख्याः ९२ मितिः २०८०।१२।१४

निर्णयहरु:

१. गाउँकार्यपालिकाको विगतमा भएका निर्णयहरुको समीक्षा गरियो । अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेको र कार्यान्वयनको चरणमा रहेको तथा बाँकी निर्णयहरुको कार्यान्वयन शीघ्र गर्न सहजीकरण गर्ने ।

२. चालु आर्थिक वर्षको दोस्रो चौमासिक सम्मको विषयगत शाखाहरुको हालसम्मको प्रगतिबारे समीक्षा गरियो। हालसम्मको कार्यक्रम कार्यान्वयनको अवस्थाबारे जानकारी भयो । साथै दोस्रो चौमासिकसम्मको आर्थिक समीक्षा गरियो । हालसम्मको आयतर्फ ५१.७९ प्रतिशत प्रगति रहेको जानकारी भयो । हालसम्मको व्ययतर्फ चालु खर्च ३९.१८ प्रतिशत पूँजिगत खर्च १३.५८ प्रतिशत र समग्रमा ३०.७६ प्रतिशत खर्च भएको जानकारी भयो । खर्च गर्ने क्षमता वृद्धि गर्न विषयगत शाखाहरु र कार्यपालिका तथा वडा कार्यालय एवम् सरोकारवाला समितिहरुलाई समेत सक्रिय बनाउन निर्देशन दिने ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त निर्देशनहरुबारे छलफल गरियो ।

४. अनुगमन समितिको हालसम्मको प्रगति प्रतिवेदनमाथि छलफल भयो । हालसम्म २८ वटा योजनाहरुको अनुगमन भएको जानकारी भयो ।

५. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० स्वीकृत गर्ने।

६. यस गाउँपालिका अन्तर्गतका तपशिलका स्थानहरुको सडक वर्षातको समयमा पहिरो तथा खस्किएर अवरोध भएकोमा सम्बन्धित वडाहरुबाट तत्काले विभिन्न फर्महरुमार्फत कार्य गराइएको र हालसम्म उक्त कार्यको भुक्तानी नभएकोमा सम्बन्धित वडाको सिफारिस कार्यपालिकाले प्राप्त भएकोले विपद् व्यवस्थापन कोषमार्फत तपशिल बमोजिमको भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

क. शान्तिबजार ठूलोगाउँ डाँडागाउँ सडक मिति २०८०।०४।२५ देखि २०८०।५।३० सम्म विभिन्न मितिमा अनुप आयानी निर्माण सेवामार्फत सडक मर्मत कार्य भएकोमा प्राविधिक विल बमोजिमको रकम रु. ३,८४,३११।- भुक्तानी गर्ने। (२ नं वडा समितिको मिति २०८०।१२।१४ को निर्णयबमोजिम )

ख. वडा नं १, को करुमर्याङ सडक अन्तर्गत जिरो स्यार्पाखर्क कदोखर्क ग्रामीण सडक मर्मतसम्भार २०८० असोज महिनामा श्री एलिसा कन्स्ट्रक्सनमार्फत सम्पन्न भएकोमा

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९२ मितिः २०८०।१२।१४

प्राविधिक बिलबमोजिमको रकम रु २,२७,१२२/- भुक्तानी गर्ने । (१ नं. वडा समितिको मिति २०८०।१२।०२ को बैठकको निर्णयबमोजिम)

७. उत्तरगयाधाम क्षेत्र विकास समितिको लागि उत्तरगया क्षेत्र विकास कोष ऐन २०८० बमोजिम तपशिलका पदाधिकारीहरु मनोनयन गर्नेः

क. दफा ४(ग) बमोजिम कोषाध्यक्षः श्री सोमलाल लवट (उत्तरगया ५)

ख. दफा ४(च) बमोजिम सदस्यः श्री मुगलाल लोप्चन (उत्तरगया ४)

ग. दफा ४(छ) बमोजिम सदस्यः श्री दिल्ली कुमार देवकोटा (नारायण) (कालिका ५ )

२०८०।१२।१४

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत